का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ वैशाख २०७९,
बिहीबार
5 May 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ८९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## गाउँ छिरे शीर्ष नेता

# पाँच वर्षपछि फर्किएको सम्झना

स्थानीय तहको चुनाव नजिकिएसँगै सबै राजनीतिक दलका शीर्ष नेताहरु समेत गाउँ केन्द्रित भएका छन् ।





स्थानीय तहको चुनावी अभियानमा खोटाङ छु । चुनावपछि मात्रै राष्ट्रिय राजनीतिमा केन्द्रीत भइनेछ ।

**विशाल भट्टराई**
प्रमुख सचेतक, नेकपा एमाले

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ वैशाख ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा बुधबार चितवनको भरतपुर पुगे । निर्वाचन आचारसंहिताको ख्याल गर्दै उनी नियमित उडानमार्फत भरतपुर विमानस्थल पुगे, विमानस्थलबाट निजी गाडीमा गन्तव्यतिर हिँडे ।

देउवा निर्वाचन आचारसंहिताप्रति जति मात्रै सजग देखिएका छैनन् । स्थानीय तहको चुनावी नतिजा आफुअनसकुल बनाउन र पाँच दलीय सत्तागठबन्धनको निरन्तरताका लागि पनि उत्तिकै सजग भएर प्रस्तुत भएका छन् ।

बुधबारै विराटनगर पुगेका देउवाले गठबन्धनलाई धोका हुने गरी प्रस्तुत नहुन नेता/कार्यकर्तालाई आह्वान गरे । 'गठबन्धन राष्ट्रिय आवश्यकता हो, यसमा धोका दिने काम गर्नु हुँदैन' सभापति देउवाले भनेका छन् ।

सभापति देउवा कांग्रेसको चुनावी अभियानकै क्रममा विराटनगर र भरतपुर पुगेका हुन् । उनको २७ गतेसम्म देशका बिभिन्न ठाउँमा पुग्ने र चुनावी सभालाई सम्बोधन गर्ने तालिका छ । सभापति देउवा मात्रै देश दौडाहमा छैनन् । कांग्रेसकै बरिष्ठ नेता रामचन्द्र पौडेल, डा. शशांक कोइराला, महामन्त्री गगन थापा लगायत पनि देश दौडाहमा छन् ।

नेकपा एमाले र माओवादी केन्द्रका नेताहरु पनि गाउँ छिरेका छन् । एमालेले पनि देशब्यापी कार्यक्रम बनाएको छ । एमाले अध्यक्ष केपी ओली स्वमं देशका बिभिन्ना ठाउँ पुगिरहेका छन् ।

बुधबार कांग्रेस सभापति शेरबहादुर देउवा पुगेर सम्बोधन गरेको विराटनगरमा एमालेले २४ गते आमसभा गर्दैछ । सोही दिन अध्यक्ष ओलीले मोरङको सुन्दरहरैंचा र सुनसरीको इटहरीलगायत अन्य विभिन्न पालिकाहरुमा हुने कार्यक्रमहरुलाई पनि सम्बोधन गर्ने कार्यक्रम छ ।

बुधबार भने एमाले अध्यक्ष ओलीले इलामका बिभिन्न ठाउँमा आयोजित कार्यक्रमलाई सम्बोधन गरे ।

इलाम एकीकृत समाजवादी पार्टीका नेता झलनाथ खनालको गृहजिल्ला हो । जहाँ पुगेर बिभिन्न ठाउँमा भएका चुनावी सभामा सम्बोधन गर्दै नेता खनाल र माधवकुमार नेपालको आलोचना गरे । नेता नेपाल र खनाल एमाले फुटाएर नयाँ पार्टी बनाउने नेताहरु हुन् । उनीहरुप्रति कटाक्ष गर्दै ओलीले कार्यकर्तामाझ कटाक्ष गरे, 'एक दुई वटा पात झर्दैमा रुख नांगो हुँदैन ।'

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेता नारायणकाजी श्रेष्ठ, प्रवक्ता कृष्ण बहादुर महरा लगायतका नेताहरु पनि गाउँ केन्द्रीत अभियानमा छन् । प्रचण्ड तारन्तर चितवन पुगिरहेका छन् । कारण उनकै छोरी रेणु दाहाल भरतपुर महानगरको मेयरका उम्मेदवार छन् । भ्याउँदा प्रचण्ड अन्यत्र पनि गएर चुनावी सभालाई सम्बोधन गरिरहेका छन् । प्रवक्ता कृष्ण बहादुर महरा दाङमा जमेर बसेका छन् । दाङ महराको निर्वाचन क्षेत्र पनि हो । दाङको घोराही उपमहानगरपालिकाको मेयरका उम्मेदवार माओवादी केन्द्रका छन सत्ता गठबन्धनका तर्फबाट । यसकारण पनि महराले दाङलाई केन्द्रीत बनाएर चुनावी अभियानमा सहभागिता जनाइरहेका छन् । माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ देश दौडाहमा छन् ।

नेकपा एककिृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल पनि चुनावी अभियानमा देशका बिभिन्न ठाउँ पुगिरहेका छन् । नेताद्धय नेपाल र खनालको ध्यान आफ्नो पार्टीले मेयर पाएको महानगरपालिका पोखरा र उपमहानगरपालिका हेटौंडामा ज्यादा चासो छ । अन्यत्र पनि एकीकृत समाजवादीका नेताहरु चुनावी अभियानमा पुगिरहेका छन् ।

अन्य साना पार्टीका शीर्ष नेताहरु पनि स्थानीय तहको चुनावका लागि गाउँ केन्द्रीत भएका छन् ।

नेकपा एमालेका नेता विशाल भट्टराई स्थानीय तहको चुनाव नजिकिएसँगै शीर्ष नेताहरु समेत गाउँ केन्दीत हुनुलाई स्वभाविक मान्छन् । भन्छन्, 'स्थानीय तहको चुनावी अभियानमा खटिन मै पनि खोटाङ छु । चुनावपछि मात्रै राष्ट्रिय राजनीतिमा केन्द्रीत भइनेछ ।'

# मुख्यमन्त्री भट्टलाई स्पष्टीकरण

बुधबारसम्म आचारसंहिता उल्लंघन गरेको ३३ वटा घटनामा निर्वाचन आयोगले स्पष्टीकरण सोधिसकेको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २१ वैशाख ।

सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री त्रिलोचन भट्टलाई स्पष्टीकरण सोधिएको छ । निर्वाचन आचारसंहिता विपरीत अभिव्यक्ति दिएको भन्दै निर्वाचन आयोगले स्पष्टीकरण सोधेको हो ।

आयोगका अनुसार मुख्यमन्त्री भट्टले कैलालीको कैलारीका अग्निपीडितलाई तुरुन्तै घर बनाइदिन्छु भनेर आश्वासन दिएका छन् । यो आश्वासन चुनावमा मत प्रभाव पार्नेगरी अभिव्यक्त भएकाले स्पष्टीकरण सोधिएको आयोगका अधिकारीहरुले बताएका छन् । मुख्यमन्त्री भट्टलाई चौविस घण्टाभित्र स्पष्टीकरण दिन भनिएको छ ।

आयोगले निर्वाचन पर्यवेक्षण समिति नेपालका अध्यक्ष प्रदिप पोखरेललाई पनि स्पष्टीकरण सोधेको छ । पोखरेलले एउटा टेलिभिजनलाई अन्तरवार्ता दिँदा निर्वाचन आयोगप्रति अनास्था जगाउने अभिव्यक्ति दिएको आयोगले जनाएको छ ।

> 'शुरुमा स्पष्टीकरण सोध्ने र सचेत गराउने हो । फेरि पनि उलंघन गर्नेका सम्बन्धमा कानून अनुसार कारबाही र उम्मेदवारको हकमा उम्मेदवारी नै रद्ध हुन सक्छ ।'
>
> **दिनेश थपलिया**
> प्रमुख निर्वाचन आयुक्त

आयोगका उपसचिव एवम् सहायक प्रवक्ता सूर्य प्रसाद अर्यालका अनुसार पोखरेलले व्यक्ति विशेषलाई समेत भोट मागेकाले स्पष्टीकरण सोधिएको हो । निर्वाचन आयोगले यसअघि पनि बिभिन्न व्यक्तिलाई स्पष्टीकरण सोधेको थियो ।

काठमाडौं महानगरपालिका मेयरका उम्मेदवार केशव स्थापित, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायतका राजनीतिक दलहरु समेतलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ । नेपाली कांग्रेसका नेता डा.शशांक कोइराला लगायत प्रदेशका सभामुख समेतलाई आयोगले स्पष्टीकरण सोधेको छ ।

आयोगका अनुसार स्थानीय तहको निर्वाचनमा राजनीतिक दल तथा उम्मेदवार हरुले निर्वाचन आचारसंहिता उल्लंघन गर्ने विगतकै संस्कृतिलाई निरन्तरता दिएका छन् ।

चुनाव प्रसारका क्रममा अधिकांश दलले बालबालिकाको प्रयोग गर्ने, सार्वजनिक पदको दुरूपयोग गर्ने, सामाजिक सञ्जालको गलत प्रयोग गर्नेदेखि मतदातालाई सामान र पैसा बाँड्नेसम्मका गतिविधि गरेको सूचना निर्वाचन

- बाँकी पृष्ठ २ मा

## नमिलेको गठबन्धन

# प्रचारमा पनि खटपट

देशभर स्थानीय चुनावमा गठबन्धन गर्ने सत्ता साझेदार दलहरुको प्रयत्न सफल हुन त सकेन नै, प्रचार अभियानको थालनिमै खटपट देखिएको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ वैशाख ।



विराटनगरमा आयोजित सभामा नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री सहित नेताहरु । तस्वीरः मनोज दाहाल

नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा बुधबार विराटनगर पुगे । विराटनगरमा आयोजित चुनावी सभा सम्बोधन गर्न प्रधानमन्त्री एवम् सभापति देउवा विराटनगर पुगेका हुन् । प्रधानमन्त्री देउवा र महामन्त्री विश्वप्रकाश शर्मासँगै कांग्रेसका नेताहरु रामचन्द्र पौडेल, डा.शेखर कोइराला, डा. मिनेन्द्र रिजाल, डा. डिला संग्रौला समेत विराटनगर सभामा सहभागी भए ।

तर उक्त मञ्चमा सत्ता गठबन्धनका अन्य दलका नेताहरु भने देखिएनन् । जबकी पाँच दलीय गठबन्धनका शीर्ष नेताहरुले साझा सभालाई संयुक्त सम्बोधन गर्ने गठबन्धनले निर्णय गरेको थियो । तर बुधबार विराटनगरको सभा लगभग कांग्रेसमा मात्रै सीमित बन्यो ।

विराटनगर महानगर गठबन्धनले कांग्रेसका भागमा दिएको छ । त्यहाँ कांग्रेसका नागेश कोइरा र उपमेयरमा जनता समाजवादी पार्टीका अमरेन्द्र यादव उपमेयरका उम्मेद्वार छन् । तर जसपाका अध्यक्ष उपेन्द्र यादव समेत उक्त सभामा देखिएनन् । नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले त महानगरमा भाग नै पाएका छैनन् ।

विराटनगरको सभाको असर अन्य शहरमा समेत देखिने सम्भावना बढेको छ । जबकी विराटनगर लगत्तै भरतपुर, काठमाडौं, पोखरा लगायत महानगरमा साझा उम्मेद्वार छन् भने संयुक्त सभाको निर्णय भएको थियो । उम्मेद्वारी दर्ताकै क्रममा समेत गठबन्धनमा खटपट देखिएको थियो ।

कतिपय स्थानमा बागी उम्मेद्वार उठ्ने, कतिपयमा केन्द्रले निर्देशन दिएपनि एकता नगर्ने र गठबन्धन भएका कतिपय स्थानमा समेत सहमति नजुट्दा गठबन्धन नै संकटमा परेको हो । कांग्रेसले ७५३ पालिका मध्ये ६५० स्थानीय तहको प्रमुखमा उम्मेदवारी दर्ता गरेको छ । जसमा दुई सय बढी विद्रोही उम्मेदवार रहेको कांग्रेसकै आन्तरिक तथ्याङ्क छ ।

बुधवार मात्रै गोरखाको पालुङटार नगरपालिकामा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीबीचको गठबन्धन भत्किएको छ । कांग्रेसले प्रमुख र उपप्रमुख सहित वडामा एकल रुपमा प्रतिष्पर्धा गर्ने भन्दै जिल्ला सभापति नन्दप्रसाद न्यौपानेले वक्तव्य जारी गरेपछि गठबन्धन टुटेको हो । चितवनको भरतपुर लगायत केही ठाउँमा विद्रोही उम्मेद्वारी फिर्ताको प्रयास भएपनि देशभरि नै कांग्रेसबाट गठबन्धन जोगाउन खास पहल नभएको विपक्षीहरुको आरोप छ ।

- बाँकी पृष्ठ २ मा

# व्यक्तिगत श्रम स्वीकृतिमा नयाँ व्यवस्था

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ वैशाख ।

वैदेशिक रोजगार काठमाडौं कार्यालय ताहाचलले व्यक्तिगत नयाँ र वैधानिकीकरणको प्रक्रिया मार्फत श्रम स्वीकृति लिँदा कामदार स्वयंले अनलाइन मार्फत आवेदन गर्न आग्रह गरेको छ ।

बुधबार एक सूचना जारी गर्दै कार्यालयले विदेशस्थित नेपाली दूतावासबाट प्रमाणित भएर आएका मागपत्र सम्बन्धि कागजात वैदेशिक रोजगारीमा जाने सम्बन्धित व्यक्तिले प्रिन्ट गरी विभागको वैदेशिक रोजगार सूचना प्रणाली (फेमिस) मा अपलोड गर्नुपर्ने बताएको छ ।

**वैदेशिक रोजगार विशेष**

यसअघि कतार, कुवेत, युएई, रोमानिया, अल्बानिया, पोल्याण्ड, माल्दोभा, क्रोसिया, हंगेरी, बेलारूस र स्लोभाकिया मुलुकबाट व्यक्तिगत नयाँ श्रम स्वीकृति वा वैधानिकीकरण गर्दा सम्बन्धित देशको नेपाली दूतावास र कम्पनीबाट वैदेशिक रोजगार कार्यालय ताहाचलको ईमेलमा पठाई ती कागजातमा उक्त कार्यालयले प्रिन्टगरी छाप लगाई सम्बन्धित व्यक्तिले अनलाइनमा अफलोड गरेपछि श्रम स्वीकृति दिने गरिएको थियो । अब विभागको प्रणालीमा आवेदन गर्दा विदेशबाट आएका मागपत्रमा कार्यालयको छाप लगाउनुपर्ने छैन भने सम्बन्धित कामदारले आफ्नो पायक पर्ने स्थानबाट आवेदन गर्न सक्नेछन् । ताहाचलले वैशाख २२ गते बिहीबारदेखि नै नयाँ व्यवस्था लागू गरिने जनाएको छ ।

ताहाचलले अबदेखि सम्बन्धित नेपाली राजदूतावास वा कम्पनीले कामदारको ईमेलमा प्रमाणित कागजात पठाएपछि आफ्नो कार्यालयमा त्यसको प्रतिलिपी हुबहु पठाउनुपर्ने जनाएको छ । ताहाचलले यसअघि गत माघदेखि पुनःश्रम स्वीकृति र यहि वैशाख २ गतेदेखि संस्थागत अर्थात् म्यानपावर कम्पनी मार्फत हुने श्रम स्वीकृति अनलाइन प्रणालीबाट प्रदान गरिरहेको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ वैशाख २०७९, बिहीबार
5 May 2022, Thursday

### मुख्यमन्त्री...

आयोगमा प्राप्त भइरहेको आयोगका प्रमुख आयुक्त दिनेश थपलिया बताउँछन् ।

उनका अनुसार आचारसंहिता उल्लंघन गरेको ३३ वटा घटनामा आयोगले स्पष्टीकरण सोधीसकेको छ । तर, कारबाही भने कसैलाई गरेको छैन् । 'शुरुमा स्पष्टीकरण सोध्ने र सचेत गराउने हो । फेरि पनि उलंघन गर्नेका सम्बन्धमा कानून अनुसार कारबाही र उम्मेदवारको हकमा उम्मेदवारी नै रद्ध हुन सक्छ' थपलियाले भने ।

### नमिलेको ....

तसर्थ, पनि देशभर कांग्रेसका तर्फबाट ठुलो संख्यामा स्वतन्त्र उम्मेद्वार छन् । त्यत्तिमात्रै होईन,गठबन्धनले अघिल्लो चुनावमा जितेका पार्टीलाई सोही स्थानमा छाड्ने सहमति गरेपनि देशभरै त्यसको कार्यान्वयन भएको छैन । जसले गर्दा नेकपा एकीकृत समाजवादीले सनाखत गरेको कागेश्वरी मनोहरा, शंखरापुर लगायतका नगरपालिकामा एक्लै चुनावमा गइरहेका छन् ।

तर, नेपाली कांग्रेसका नेता प्रवक्ता डा. प्रकाशशरण महत भने स्थानीय चुनावमा तालमेल सफल भएको दाबी गर्छन् । 'धेरैलाई लागेको थियो यो तालमेल सफल हुन सक्दैन, ठूलो विद्रोह हुन्छ । तर त्यस्तो अवस्था आएन' महतले भने । उनले देशब्यापी देखिएको माहोलले कांग्रेस थप बलियो हुने दाबी समेत गरे । तर, नेकपा एकीकृत समाजवादीका नेता जीवनराम श्रेष्ठ भने पाँच दलीष्य गठबन्धनको चुनावी तालमेल सफल हुन नसकेको बताउँछन् ।

'वालुवाटारमा गठबन्धनमा भागवण्डा सबै मिल्छ । प्रदेश र जिल्लामा पुग्दा मिल्दैन' । 'कार्यकर्ता नमिलेर पनि कतिपय ठाउँमा गठबन्धन भएन । तर, मुख्यत वालुवाटारमा भागवण्डा गर्न तयार हुने प्रदेश र जिल्लाका नेताहरुलाई भेटेर उचाल्ने कांग्रेस प्रवृति समस्याका रुपमा रह्यो' नेता श्रेष्ठले भने । कांग्रेसले एक्लै ६५० तहको नेतृत्वमा उम्मेद्वारी दिएको र अपेक्षित रुपमा बागी उम्मेदवारको मनोनयन पनि फिर्ता नभएका कारण तालमेल छ भन्न नसकिने उनको भनाई छ । तर, माओवादी केन्द्रका प्रवक्ता कृष्णबहादुर महराले भने केही समयअघि सत्ता गठबन्धबीचको तालमेल सफल भएको बताएका छन् । यद्यपि नेकपा माओवादी केन्द्रभित्र पनि गठबन्धनको विषयलाई लिएर असन्तुष्टि बढ्दो छ । हाल ६ वटा महानगर र केही नगर बाहेक धेरै स्थानमा गठबन्धन भएकै छैन । त्यत्ति मात्रै होईन, सत्तागठबन्धनले एमालेसँग चुनावमा एकता नगर्ने बताएपनि कांग्रेस, माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी लगायतले गठबन्धन गरेका छन् ।

स्थानीय तह निर्वाचनमा ३५ हजार २२१ पदका लागि १ लाख ५० हजार ४९४ जनाको उम्मेदवारी परेको छ ।

# माओवादी केन्द्र बैजनाथ वडा नं. ७ द्वारा वृहत र्‍याली

गणेश रावत/मध्यान्ह
कोहलपुर, २१ वैशाख

नेकपा माओवादी केन्द्र बैजनाथ गाउँपालिका वडा नम्बर ७ ले मंगलबार बाजागाजाका साथ वृहत र्‍याली प्रदर्शन गरेको छ । पार्टी कार्यालयबाट शुरु भएको र्‍याली पेडारी हुँदै कडेलपुर, प्रसरामपुर, इ गाउँ, कुकुरपुर हुँदै पेडारी बचत घरमा पुगेर कोण सभामा परिणत भएको थियो ।

कार्यक्रमालाई सम्बोधन गर्दै बैजनाथ गाउँपालिकाका अध्यक्ष पदका उम्मेद्वार दिपेन्द्र बहादुर शाहले आफू निर्वाचित भएपछि जनताको लागि हरपल लागि पर्ने र त्यसको लागि यस पटक एक मौका दिन आग्रह गरे । १० वर्ष जनयुद्धमा मृत्युसँग लड्दै आज गणतन्त्र ल्याउन सफल भएको भन्दै उनले मंगलबारको र्‍यालीले विजय सुनिश्चित देखिएको बताए ।

सत्ता गठबन्धन अन्तरगत माओवादी केन्द्रबाट उम्मेद्वार बनेका शाहले तत्कालिन सरकारले भष्ट्राचार र अनियमितता धेरै गरेको आरोप लगाए । सत्ता गठबन्धन टिमलाई विजयी गराए राम्रो कुराको आत्मासाथ गर्ने र नराम्रो कामको खोजतलस गर्ने उनको भनाइ थियो ।

अहिले देशका दक्ष जनशक्ति युवाहरु विदेशिनु पर्ने बाध्याता रहेको बताउँदै उनले त्यसलाई रोक्नका लागि युवा रोजगार कार्यक्रम ल्याउने बताए ।

यस्तै, कार्यक्रममा बैजनाथ गाउँपालिकाका उपाध्यक्ष पदका उम्मेद्वार टंकरनाथ योगीले आफू बोलेर भन्दापनि काम गरेर देखाउने बताए । त्यसका लागि आफूलाई निर्वाचित गराउन उनले आग्रह गरे । पछिल्लो समय थारु भाषा संकटमा परेको भन्दै उनले भाषाको संरक्षणका साथसाथै पठनपाठनको समेत व्यवस्था मिलाउने बताए ।

यस्तै, बैजनाथ गाउँपालिका-७ का अध्यक्ष पदका उम्मेद्वार दिनेश कुमार थारुले स्थानीय तहको निर्वाचनमा आफूलाई विजयी गराउन अनुरोध गरे । कार्यक्रममा नागरिकको सहभागिताले उत्साह थपेको र आफू विजयी भएको महशुष गरिएको उनको भनाइ थियो ।

**अनुसूची-१५**
**(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०१।२२**

श्री भर्लेनी सामुदायिक वन उपभोक्ता समुह, लेकवेशी न.पा. ०६, सुर्खेतको सामुदायिक वनबाट ०७८।०७९ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलीया थान ३७ को ४००.८५ क्यु.फि. काठ र १.० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस भर्लेनी सामुदायिक वन उपभोक्ता समुहको कार्यालय लेकवेशी न.पा. ०६, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री भर्लेनी सामुदायिक वन उपभोक्ता समुह,**
**लेकवेशी न.पा. ०६, सुर्खेत ।**

## Invitation for Sealed Quatation

**Veterinary Hospital And Livestock Services Expert Center**
**Martadi, Bajura**
**Sudurpaschhim Province, Nepal**

**Invitation for Bids for the Construction of Veterinary Hospital Boundry Works and filling works**

**Contract Identification No: VH/SQ/W/01/2078-079**
**Date of publication: 2079-01-22 (May-05, 2022)**

1. Veterinary hospital invites sealed bids from Nepalese eligible bidders for the construction of Veterinary Hospital Boundry Works and filling works under Sealed Quatation procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Office of Veterinary Hospital,*** EmailID:vethospitalbajura@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder Shall have the option of Submitting their Bid Electronically Only. Submission of Hard Copy Bids Shall Not be Entertained. Bidder may Download the Bidding Documents for e-submission form PPMO's Website www.bolpatra.gov.np./egp, Bidder submitting their bid electronically, should deposit the cost of bidding document in the Rajaswa (revenue)account as specified below and the scanned Copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Rastriya Banijya Bank, Bajura**
**Name of Office : Veterinary Hospital And Livestock Service Export Center Martadi, Bajura**
**Khata Type. : Rajaswa Khata (code:14229) Office Code 3120269017 Account no: 1000100200010000**
4. Electronic Sealed bids must be submitted to the **Veterinary Hospital and Livestock Service Export Center Martadi,, Bajura** through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 Hrs** on 2079-02-06(May-20-2022). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend **14:00 Hrs** on 2079-02-06(May-20-2022). at the **Veterinary Hospital and Livestock Service Export Center Martadi,, Bajura**. Bids must be valid for a period of 75 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Office of the **Veterinary Hospital and Livestock Service Export Center Martadi,, Bajura**, reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
8. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.
9. If bidder wish to submit the bid security in the form of cash, bidder has to deposite cash in **dharauti account no 4070100202030000 of Veterinary Hospital and Livestock Service Export Center Martadi,, Bajura** at **Rastiya Banijya Bank, Bajura** and submit bank deposit voucher along with a bid.

**Details of Works**

| Discription of works | contract identification No. | Total Amount Excluding VAT and Contingency | Bid Security Amount Nrs. | Bid Security Validity Period | Fee for Bid Documents | Remarks |
|---|---|---|---|---|---|---|
| Construction of Veterinary Hospital Boundry Works | VH/SQ/W/01/2078-079 | 1710065.21 | 50000 | Validity up to 90 days from the last date of bid submission | 1000.00 | |

**Provincial Government**
**Lumbini Province**
**Ministry of Industry, Commerce and Supplies, Butwal**
**First Date of publication: 2022/03/17**
**Second Date of Publication: 2022/05/05**

## Re-Invitation for Electronic Bids

1. The **Ministry of Industry, Commerce and Supplies** invites electronic bids from eligible bidders for the procurement of following Goods under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ministry of industry,commerce and commerce Butwal, info.moics@lumbini.gov.np 9857083644 or may visit e-GP system: www.bolpatra.gov.np/egp .

**Bidding Details**

| S.N. | Contract No. | Description of Work | Minimum Bid Security Amount NRs. | Price of Bid Document Nonrefundable NRs. |
|---|---|---|---|---|
| 1. | MOICS/03/NCB/G/078-079 | Supply and Delivery of 4WD Double cap pick up | 120000 | 3000 |
| 2 | MOICS/04/NCB/G/078-079 | Supply and Delivery of Scooter | 5000 | 3,000 |
| 3 | MOICS/05/NCB/G/078-079 | Supply and Delivery of Motorcycle | 22000 | 3,000 |

| Last Date and Time for Bid Purchase and submission for S.N. 1 to 3 : 2022/05/20, within 12:00 pm | Date and Time for Bid Opening S.N. 1 to 3: 2022/05/20 1:00 pm |
|---|---|

3. Bid Validity Period shall be 90 days and Bid Security Period shall be 30 days beyond Bid Validity Period. For further details of the Notice of Invitation for bids, interested bidders are requested to visit the notice board of Ministry of Industry,commerce and supplies Employment , Butwal or PPMO's Web Address: http://bolpatra.gov.np/egp.

**Secretary**

**Jahada Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Majhare, Morang**
**Province No:1, Nepal**

## Invitation For Bids

**First Published Date : 22th Baisakh, 2079**

1. Jahada Rural Municipality, Office of the Executive Rural Municipal, Majhare, Morang invites electronics bids from eligible bidders for the procurement of following works under National Competitive Bidding procedures. The name and identification of the contracts are as follows:

| Contarct ID | Particular | Bid Security Amount | Bid Document Price |
|---|---|---|---|
| JRM/NCB/Building/078/079-15 | Construction of Administrative Building of Jahada Rural Municipality at Jahada-5 | 19,00,000.00 | 5,000.00 |

2. Eligible Bidders may obtain further information from Jahada Rural Municipality, Office of the Executive Municipal, Majhare, Morang, Tel-9827052011 email jahadagaupalika@gmail.com.
3. Bidder must submit their bid electronically as per e-GP System operation Guidelines, 2074. Bidder can download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, must deposit the cost of bidding document in the account as specified below and the scanned copy (pdf format ) of the bank deposit voucher shall be uploaded by the bidder at the time of submission of bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of Bank : Machhapuchhre Bank Ltd, Majhare, Morang**
**Antarik Rajasswa Khata A/c No. : 8601524690409124**
4. Pre-Bid Meeting shall be held at Jahada Rural Municipality, Office of the Executive Municipal, Majhare, Morang, on 11th of Jestha, 2079.
5. Electronic Bid must be submitted to the Jahada Rural Municipality, Office of the Executive Municipal, Majhare, Morang, through PPMO's website: www.bolpatra.gov.np/egp on or before 22nd Jestha, 2079 at 12:00 noon. Documents received after this deadline shall not be accepted.
6. The bids will be opened in the presence of Bidder's representatives who choose to attend 22nd Jestha, 2079 at 14:00 hours at Jahada Rural Municipality, Office of the Executive Municipal, Majhare, Morang. Bids must be valid for a period of 120 days counting from the day of bid opening and must accompanied by bid security, which shall be valid for minimum of 30 days beyond the bid validity period.
7. If tha last date of submission and opening day falls on government holiday then the next working day shall be considered the last day. In such case the bid validity and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept, or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
9. Anything not mentioned in this notice shall be in accordance with the Public Procurement Act, 2063 and the Public Procurement Rule, 2064.

**Chief Administrative Officer**

## डोल्पोबुद्ध गाउँपालिका
**धो, डोल्पा**

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०७९/०१/२२**

यस कार्यालयबाट मिति २०७८/१२/०२ मा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमका कार्यमा पर्न आएका बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिलका फर्महरुको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | बोलपत्र/ठेक्का/प्याकेज न. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | DBRM/DOLPA/WORKS/ NCB/-06/076-077 | पोल्दे बाल विकास केन्द्र भवन निर्माण | श्री दिपेश एण्ड प्रनिस निर्माण सेवा, त्रिपुर ासुन्दरी-१, डोल्पा | रु.२९,८७,२४८।८७ (अक्षरेपी उनान्तीस लाख सतासी हजार दुई सय अठचालिस रुपैया र पैसा सतासी मात्र) |
| २ | DBRM/DOLPA/WORKS/NCB/-07/076-077 | कलांग देखि थां सम्म सडक निर्माण | श्री डोल्पो कन्स्ट्रक्सन प्रा.लि.,काठमाडौं-०६, बागमती नगर काठमाण्डौ | रु.२१,२७,८७४।६८ (अक्षरेपी एक्काइस लाख सत्ताइस हजार आठ सय चौरहत्तर रुपैया र पैसा अठसट्ठी मात्र) |
| ३ | DBRM/DOLPA/WORKS/NCB/-08/076-077 | धो खानेपानी योजना निर्माण | पेमा क्याराभान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., शे-फोक्सुण्डो-०४, डोल्पा | रु.५०,४२,३३१।२८ (अक्षरेपी पचास लाख बयालीस हजार तिन सय एकतिस रुपैया र पैसा अट्ठाइस मात्र) |
| ४ | DBRM/DOLPA/WORKS/NCB/-09/076-077 | टसी घोमाङ्ग बाल विकास केन्द्र भवन निर्माण | श्री डोल्पो कन्स्ट्रक्सन प्रा.लि., काठमाडौं-०६, बागमती नगर काठमाण्डौ | रु.४६,८१,३३०।६४ (अक्षरेपी छयालीस लाख एकासी हजार तिन सय तिस रुपैया र पैसा चौसट्ठी मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘आयात कडाई हुँदा मूल्यवृद्धि’

**काठमाडौं/मस–** काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले अहिलेको महंगीको धेरै कारणमध्ये आयातमा गरिएको कडाई एक प्रमुख कारण रहेको बताएका छन् ।

संचार केन्द्र नेपालले काठमाडौंमा आयोजना गरेको निर्वाचनको समयमा बढ्दो मुल्यवृद्धि तथा बजार अनुगमन विषयक सचेतनामुलक कार्यक्रममा प्रजिअ रिजालले अनुगमनले मात्र मूल्य वृद्धि नियन्त्रण नहुने बताए ।

उनले भने, ‘अनुगमनले मात्र कुनै बस्तु तथा सेवाको बास्तविक मुल्यबारे जानकारी नहुने हुँदा मूल्य निर्धारण प्रणालीको विकाश अहिलेको मुख्य आवश्यकता रहेको छ ।’ उनले थपे, ‘मूल्यवृद्धि भएको हो, होईन भन्नेबारे जानकारीको लागि समेत अहिले मूल्य निर्धारण प्रणाली अत्यन्त आवश्यकभै सकेको छ ।’

उनले जिल्ला प्रशासन कार्यालयसँग बजार नै अनुगमन गर्न छुट्टै जनशक्ति नभएकाले प्रभावकारी अनुगमनमा समस्या सिर्जना भएको बताए । उनले भने,‘बजार अनुगमनमा मात्र




केन्द्रित हुदा कार्यलयको दैनिक कार्य प्रभावित हुने तथा अनुगमनसँगै थप प्राविधिक स्रोत साधनको समेत अभावले अनुगमनमा समस्या सिर्जना हुने गरेको छ ।’

साथै उनले बजार मूल्य व्यवस्थापनमा व्यवसायीको भूमिका प्रमुख हुने बताउँदै व्यवसायी इमान्दार हुनुपर्नेमा जोड दिए ।

साथै ललितपुरका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले साप्ताहिक रुपमा दुईवटा अनुगमन भैरहेको जानकारी दिए ।

उनले रसिया र युक्रेनको युद्धतर्फ संकेत गर्दै अहिलेको बजार अन्तर्राष्ट्रिय घटना परिघटनाबाट प्रभावित रहेको बताए । उनले नेपालको सन्दर्भमा नेपालमा दक्षिण एसियाकै महंगो ढुवानी भएको तथा हालको इन्धनको बढ्दो मूल्यले समेत बजारको मुल्यबृद्धिमा थप बल थपेको बताए । उनले बजार अनुगमनको सन्र्दभमा जिल्ला प्रशासन कार्यालयले गर्नुपर्ने काम गरिरहेको र यसलाई थप प्रभावकारी बनाउन वाणिज्य विभागले भूमिका खेल्नुपर्ने उल्लेख गरे ।

साथै कार्यक्रममा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक लिलाप्रसाद शर्माले कुनै पनि बस्तु तथा सेवाको मूल्य वृद्धिमा विभिन्न पक्षको भूमिका रहने उल्लेख गर्दै विश्वका कुनैपनि संयन्त्रले मुल्यवृद्धि रोक्न नसक्ने बताए ।

उनले वाणिज्य विभागसँग मूल्यवृद्धि रोक्ने कुनै अधिकार नभएको कुरा प्रष्ट पारे ।

उनले वाणिज्य विभागको कार्य बजार अनुगमन तथा बजारमा सुव्यवस्था कायम गराउने मात्र रहेको उल्लेख गर्दै उक्त कार्यमा विभाग कियाशिल रहेको जानकारी गराए । उनले अहिलेको मूल्यवृद्धि रुस युक्रेन युद्धका कारण सिर्जना भएको आर्यात लागतको वृद्धि भएको बताए ।

उनले नेपालको अर्थ व्यवस्था आयात आधारित अर्थव्यवस्था भएको हुँदा इन्धन मूल्य र आयात लागतनै अहिलेको मूल्यवृद्धिको मुख्य कारक रहेको उनको तर्क थियो ।

उनले अमेरिकामा गएको एक वर्षमा ३० देखि ३५ प्रतिशत मूल्य वृद्धि भएको उदाहरण दिँदै नेपाल जस्तो ९० देखि ९२ प्रतिशत आयात चलेको देशमा उत्पादक मुलुकमै मूल्य बढेको अवस्थामा हाम्रोमा नबढ्ने भन्ने नहुने बताए ।

उनले प्राकृतिक बाहेक कृतिम रुपमा हुने गरेको मूल्यवृद्धि नियन्त्रणमा विभाग लागि परेको जानकारी दिए । उनले हाल वाणिज्य विभागमा भएको जनशक्तिले नेपालभरीको बजार अनुगमन सम्भव नभएको बताउँदै जिल्ला संयन्त्रलाई सक्रिय बनाउन विभाग लागि परेको बताए ।

# दुर्घटनामा ५ जनाको मृत्यु



**काठमाडौं/मस–** काभ्रेमा बस र जीप एक आपसमा ठोक्किँदा ५ जनाको मृत्यु भएको छ । वीपी राजमार्ग अन्तर्गत काभ्रेको रोशी गाउँपालिका-११ मा तीर्थ यात्रु सवार यूपी ५८ टी ८१८१ नम्बरको मिनी बस र ना १ ज ४२१० नम्बरको जीप एक आपसमा ठक्कर खाँदा ५ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी मृत्यु हुनेमा कमलामाई नगरपालिका-७ सिन्धुलीका ३० वर्षीय विक्रम श्रेष्ठ, वडा नम्बर-४ का ४० वर्षीय हरिबल तामाङ, रामेछापको खाँडादेवी-८ की ३० वर्षीया सम्झना भुषाल, उनकी सात वर्षीया छोरी संगीता र सिन्धुलीको सुनकोसी गाउँपालिका-१ का ४४ वर्षीय प्रमिला नेपाली छन् ।

दुर्घटनामा परी १८ जना यात्रु घाइते भएका छन् । घाइतेहरूको धुलिखेल अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रहरी प्रवक्ता डिएसपी हरि खतिवडाले जानकारी दिए ।

छानबिन समिति गठन

दुर्घटनाको अनुसन्धान गर्न प्रहरी नायब उपरीक्षक हरि खतिवडाको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको छ।

गृहमन्त्री बालकृष्ण खाँणको निर्देशन पछि गठन गरिएको समितिको सदस्यमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत र प्रहरी निरीक्षक सदस्य छन् । गृहमन्त्री खाँणले काभ्रेका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे र जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक चक्रराज जोशीलाई टेलिफोन गरी छानबिन समिति बनाउन निर्देशन दिएका थिए ।

# नेकपा एसको गाउँ कमिटी नै एमालेमा समाहित



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २१ वैशाख

नेकपा एकीकृत समाजवादीको गाउँ कमिटी नेकपा एमालेमा समाहित भएको छ । दैलेखको ठाटीकाँधका गाँउपालिकाका नेकपा एकीकृत समाजवादीका अध्यक्षसहित गाउँ कमिटी नै एमालेमा समाहित भएको बुधबार जारी संयुक्त विज्ञप्ति उल्ले गरिएको छ ।

एमाले ठाटीकाँध गाउँपालिका कमिटीका अध्यक्ष कुमारविक्रम शाही र समाजवादी ठाटीकाँध गाउँपालिकाका अध्यक्षा नारायणप्रसाद जैसीद्वारा संयुक्त विज्ञप्तीमा पार्टी एकताको मर्म अनुसार अगाडि बढ्न आग्रह गरिएको छ ।

एमालेमा फर्किने सम्पूर्णलाई नेकपा एकीकृत समाजवादीका अध्यक्ष सहितका नेताहरुलाई नेकपा एमालेका केन्द्रीय सदस्य राजबहादुर बुढा, कर्णाली प्रदेश कमिटी अध्यक्ष विनोदकुमार शाह, एमाले नेताहरु सुर्यबहादुर शाही, धीरबहादुर शाही, एमालेकोतर्फबाट ठाटीकाँध गाउँपालिकाको अध्यक्षको उम्मेदवार लक्ष्मीदेवी शाह लगायतले स्वागत गरेका थिए ।

## सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०१/२२**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ३०४.६७ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**भोर्ले सामुदायिक वन उपभोक्ता समूह, व्यास– ९, तनहुँ**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हकदावी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०१/२२**

यस कार्यालयमा मिति २०६६/०८/१९ मा दर्ता भएको **प्रा.लि. नं. ६८२६९** को **ओम श्री त्रिमुर्ती इन्टरनेशनल प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

**प्रकाशित मितिः २०७९/०१/२२**

यस कार्यालयमा मिति २०७२/०५/१६ मा दर्ता भएको **प्रा.लि.नं. १३९४७८** को **द बर्गर हाउस एन्ड वि.वि.क्यू.स्टेशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# कतारमा इद उल फित्र विशेष कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २१ वैशाख

गैर आवासीय नेपाली संघ (एनआरएनए) कतारको आयोजनामा इद उल फित्र तथा नयाँ वर्षको शुभकामना आदान प्रदान तथा विविध सा‘स्कृतिक कार्यक्रम सम्पन्न भएको छ । कतारमा स्थापित विभिन्न ५८ वटा संघ संस्थाको सह-आयोजना रहेको कार्यक्रम नेपालको राष्ट्रिय पर्व इद अल फित्र (इद) तथा नयाँ वर्ष २०७९ को शुभकामना आदान प्रदान तथा विविध साँस्कृतिक कार्यक्रम भव्यताका साथ सम्पन्न भएको हो ।

एनआरएनए कतारका अध्यक्ष मोहमद मुक्तदाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमका प्रमुख अतिथि नेपाली राजदूतावास कतारका कार्यवाहक राजदूत लक्ष्मण खनालले देशमा राष्ट्रिय संकट आई नसकेको भन्दै अत्तालिन नपर्ने बताए ।

उनले पछिल्लो ३ महिनामा डेढ लाख पर्यटक नेपाल भित्री सकेको बताउँदै रेमिट्यान्सलाई प्रमोट गर्दै हुन्डी कारोबारलाई निरुत्साहित गर्न आग्रह गरे । एनआरएनए कतारले सिङ्गो नेपाललाई एक ठाउँमा समेटेकोमा उनले खुसी व्यक्त गरे ।

कार्यक्रमको उद्घाटन गर्दै परियार मित्रता समाजको नौमती समूहले पञ्चेबाजा र नेपाली महिला समाजको प्रतिनिधित्व गर्दै पञ्चकन्याद्वारा स्वागत नृत्य प्रस्तुत गरिएको थिए ।

काठमाडौं म्युजिकल ग्रुपको तर्फबाट ईशान रेग्मीले ‘जता लैजाऊ जे गर यो मन त नेपाली हो’ भन्ने गीतले उपस्थितलाई भरपुर मनोरञ्जन प्रदान गरे । अमृत लिम्बु, गुना मगर, सविन सम्माने मगर, गोबीन गुरुङ, सारुक सुन्दास, मानसिङ परियार, मनिष कुमार, वनिता राई, सुरेश सिएन, आयुस कुमाकी लगायतले आफ्नो गायन मार्फत उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए ।

पुष्पा लिम्बु, शान्ति ओली, क्रिजल पन्थी, जिया हमाल, कमल सुनुवार, बबिता राई र कमल सुनुवारले युगल नृत्य प्रस्तुत गरेका थिए भने नेपाल मगर सङ्घ कतार शाखाका कलाकारहरूले मौलिक कौरा नृत्य प्रस्तुत गरेका थिए । त्यस्तै अन्तर्राष्ट्रिय कलाकार मञ्च, थारु कल्याणकारी सभा कतार च्याप्टरले मौलिक नृत्य, किराया शाखा कतार, सुसेस शाखा कतार र कियाचु कतार, नेपाल प्रवासी तामाङ समाजका कलाकारहरूले समेत आफ्नो मौलिक नृत्य पेस गरेका थिए । त्यस्तै राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कतार शाखाका कलाकारहरूको लाइभ दोहोरीले माहौललाई दोहोरीमय बनाएको थियो ।


## मलेसियामा बैदेशिक रोजगारको अवसर

**Company: Miaow Miaow Food Products Sdn. Bhd** **शहरः Johor, Malaysia**

पूर्व स्वीकृती मितिः २०७९/०१/१५ चलानी नं. ६०१७८६६७ **LT No.: 262412**

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 20 | 5 | काममा दक्ष | 1200 | ३३,१६८ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

**अन्तरवार्ता : २०७९ वैशाख २९ गते (12 May, 2022) मा यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | नि शुल्क | नि शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**डाईनामिक सेल्स एण्ड सर्भिस प्रा. लि.**
बसुन्धारा चौकी, काठमाडौं, नेपाल श्रम ईजाजत नं.: १०९/०५४/०५५
फोन नं. : ४३५४६१४, ४३५६८३१, ४३५६६२५, फ्याक्स : ४३५५५७०


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०१/२२**

**आर.डी. कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७८/१२/२५ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तपोवन कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. (प्रा. लि. नं.: १७५९०१)**, कायम गर्ने गरी मिति **२०७८/१२/२८** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## SAUDI मा रोजगार

कम्पनी : **RAFAA MOHAMMED AYED AL-QAHTANI FOUNDATION FOR SERVING MEALS** शहरः **KSA**

पूर्व स्वीकृत मितिः २०७९/०१/२१ चलानी नं.: ६०१७८८९३ **LT. No.: 262682**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय चाकुपाट, ललितपुरमा २०७९ वैशाख २९ गते (12 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६०३२६, ५२६०११६, मो: ९८४७२७५९६९


# नेपालका प्रि-स्कुलहरूमा यूरो किड्सको नयाँ पाठ्यक्रम

**काठमाडौं/मस–** एशियाको अग्रणी प्रि-स्कूल सञ्जाल यूरो किड्सले प्रि-स्कूलको नयाँ पाठ्यक्रम शुरू गरेको छ । बालबालिकाहरूको समग्र विकास सुनिश्चित गर्नको लागि ‘इयूएनओआइए’ नामक पाठ्यक्रमको शुरुवात गरेको हो । यस पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गिण विकासको लागि दिमाग, शरीर र आत्मालाई सुधार गर्न मद्दत पुग्ने विश्वास लिइएको छ । बालबालिकामा संज्ञानात्मक, प्रभावकारी र कार्य सम्पादनमा आधारित सीपहरू अभिवृद्धि गर्ने उदेश्यका साथ ‘चाइल्ड फर्स्ट’ र ‘जोय अफ लर्निङ’ विचारधाराबाट यो पाठ्यक्रमको डिजाइन गरिएको पाठ्यक्रम विकास प्रमुख डा. अनिता मदानले जानकारी दिइन् ।

सिइयो केभिएस शेषसाई भन्छन् ‘हामी यो पाठ्यक्रमपेश गर्न पाउँदा धेरै खुसी छौं, जुन नेपालका बालबालिकाहरूको भविष्यका लागि चाहिने सीपहरू हासिल गर्न मद्दत पुग्ने गरीतयार गरेका छौं ।

**तामाकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जफे, दोलखा**
**बागमती प्रदेश**

## क्याटलग सपिगं विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः-२०७९/०१/२२**

यस कार्यालयको लागि आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ५ को नियम ३१(ख) अनुसार निर्धारित दर (क्याटलग सपिगं) विधिबाट खरिद गर्नुपर्न भएकोले त्यस्तो मालसामान उत्पादक वा बिक्रि वितरण गर्न ईच्छुक आधिकारीक फर्म वा कम्पनी वा संस्थाले आफ्नो फर्म दर्ता, एजेन्सि दर्ता, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व २०७७/७८ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समावेश गरी सोहि नियमावलीको नियम ३१(ख) को उपनियम २ बमोजिमका सवारी साधनको उत्पादकको आधिकारीक स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले आठौं दिन दिनको १२:०० बजे भित्र कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउनु हुन उत्पादक वा आधिकारीक विक्रेताको लागि यो सूचना प्रकाशित गरिएको छ । नियमानुसार पेश हुन आएका प्रस्तावहरु सोहि दिन १ बजे खोलिनेछ ।

| विवरण | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| मोटरसाइकल | Four strokes, air cooled petrol engine of 150±1% CC, developing maximum power output not less than 12 Ps and maximum torque not less than 12.8 Nm/6000 RPM. | ५ (पाँच) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical specification बमोजिम हुनेछ |

**प्रमुख प्रशासकीय अधिकृत**


## UAE मा रोजगार

कम्पनीः **1885 DELIVERY SERVICES** शहरः **UAE**

पूर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१८९९ **LT. No.: 254810** पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Rider | 77 | 0 | स. काममा दक्ष | 2500 | ८३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख २९ गते (12 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Prastuti Recruitment Pvt. Ltd.**
Prastuti Recruitment Pvt. Ltd. License No.: 1436/074/075
Basundhara, Near Nepal Electricity Authority Office-Kathmandu
Tel: 01-4988142 & 4963588 | Email: prastutirecruitment@gmail.com
Mobile No. 9803247447, 9801090744

## कतारमा रोजगार

कम्पनीः **FUSION OUTSOURCING AND SERVICE LLC** शहरः **DOHA**

पूर्व स्वीकृत मितिः २०७९/०१/२१ चलानी नं.: ६०१७८९१२ **L.T. No.: 262590**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 40 | 40 | स. काममा दक्ष | 1200 | ४०,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ वैशाख २९ गते (12 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com

## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM VICTORIA INTERNATIONAL
**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
२२ वैशाख २०७९, बिहीबार
5 May 2022, Thursday

सम्पादकीय

## अवसर उपयोग गर्ने बेला

स्थानीय चुनावको प्रचार अवधि समेत सकिनै लाग्दा शीर्ष नेताहरू मतदाता रिझाउन गाउँ छिरेका छन् । सत्ता गठबन्धन र विपक्षी दलका प्रमुख सहित केन्द्रीय तहका नेताहरू मतदाता रिझाउन गाउँ टोल फर्किएका छन् । प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सहित नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव सहित नेताहरूको भ्रमण तालिका सार्वजनिक भइसकेको छ । सत्ता गठबन्धनका यी नेताहरूले साझा सभालाई सम्बोधन गर्ने तालिका तय भएपनि बुधबार पहिलो दिन विराटनगरमा लगभग कांग्रेसको एकल सभा जस्तो बन्न पुग्यो । यसले बाँकी ठाउँको सभा समेत प्रभावित हुन सक्छ ।

तर नेताहरू गाउँ फर्कने भने लगभग निश्चित छ । संयुक्त नभएपनि दलगत सभामा शीर्ष नेताहरूको सम्बोधन, प्रचार अभियान लगायत कार्यक्रम तय भएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली बुधबार इलाम पुगेका थिए । विराटनगरको कार्यक्रममा सहभागी हुने कार्यक्रम बनेको छ । पार्टी प्रमुख बाहेकका नेताहरू पनि आफ्नो क्षेत्र र सकेसम्म बाँकी ठाउँ पुग्ने प्रयत्नमा छन् । स्थानीय चुनावले आगामी प्रदेश तथा प्रतिनिधिसभा चुनावलाई समेत प्रभाव पार्ने देखिन्छ । अझ स्थानीय चुनावले दिने सन्देशले पनि आगामी चुनाव प्रभावित हुनसक्छ । त्यसैले आफ्नो पार्टीमा जनमत सिर्जना गर्न नेताहरू गाउँ फर्किएको बुझ्न सकिन्छ ।

राजधानी सहित ठूला शहरबाट नेताहरू फर्कनु मतदाताका निम्ति अवसर समेत हो । लोकतन्त्रमा मतदाताले पाउने सवैभन्दा ठूलो अवसर मतदान नै हो । जनमत लिएर आउनेहरूले पाँच वर्ष मुलुकको सत्ता सञ्चालन गरेपनि चुनावका बेला मतदाताको सर्वोच्चता कायम हुन्छ । तसर्थ चुनाव लोकतन्त्रको नियमित प्रक्रिया मात्रै होइन । चुनाव नेतालाई सच्याउने वा योग्य नेतृत्व चयनको अवसर हो । त्यो अवसरलाई प्रभावित बनाउने अनेक प्रयत्न भइरहेको छ । सत्तारूढ गठबन्धनले तालमेलको नाममा मतदाता प्रभावित गरेका छन् भने यसको सिको एमालेले समेत गर्न खोजेको छ । तर जे–जसरी प्रभावित बनाउने प्रयत्न भएपनि निर्णय अधिकार मतदातामै निहीत छ । पाँच वर्षसम्म गरेका कामको उचित मूल्यांकन गर्ने अवसरलाई मतदाताले निहीत स्वार्थमा खेर हाल्न हुन्न । आँगनमा आएका नेतालाई खुलस्त आफ्नो कुरा राख्ने यो अवसर हो ।

# नेतृत्वमाथि हुने षड्यन्त्र र प्रहार

*राजनीतिमा विश्वसनीयता र इमानदारीताको पनि प्रश्न हुन्छ । घात, प्रतिघात अनि षडयन्त्र र स्वार्थको पनि श्रृंखला हुन्छ । त्यसकारण नेतृत्वको मूल्यांकन पनि नियत र प्रवृत्तिबाट गर्नुपर्छ ।*

अग्रलेख



● विष्णु पन्त

अहिले नेपाल कम्युनिष्ट पार्टीविरूद्ध एउटा गम्भीर षडयन्त्र भइरहेको छ । दुःखको कुरा के हो भने जुन सहकर्मी नेताहरू जेलबाट छुटाउनका लागि तीन बुँदे सहमति गरिएको थियो त्यही नेताहरूबाट पार्टीको नेतृत्वविरूद्ध हमला गरियो । कुरा नमिलेपछि पार्टीबाट बाहिरीनुलाई हाम्रो राजनीतिक संस्कारले स्वभाविक नै ठानेको छ तर, नेकपाभित्र विवादलाई चर्काउनका लागि पार्टीभित्र र बाहिरका अराजक पात्रहरूलाई उक्साउने काम देखियो । बैठकमा चुनावलाई प्रयोग गरेर जाने वषयमा सहमति गरियो तर, बाहिर जानसाथ त्यसलाई उल्लंघन गर्ने काम भयो । चुनावको प्रयोग वा बहिष्कार खासै ठूला विवादका विषय थिएनन् । नेतृत्वको नियत र प्रवृत्तिले त्यसको निर्धारण गर्दछ । बहिष्कार वा प्रयोगलाई लत वा दुर्व्यसनीका रूपमा प्रयोग गर्नु मुर्खता हुन्छ । केही मान्छेहरू ठान्छन् कि बहिष्कार बाहेक अरू गर्नु हुँदैन । अहिलेको प्रश्न शुभचिन्तक र समर्थकहरूको रक्षाको प्रश्न पनि हो । हामीले कार्यनीतिको बहस गर्दा सिद्धान्त र व्यवहारलाई हेनुपर्छ । बहिष्कार भन्दै केही नेता डाँडामा गएर पिकनिक खाने अनि अरू भोट हाल्न जाने र उम्मेदवारसँग पैसाको बार्गेनिङ्ग गर्ने प्रवृत्ति सबैले उठाएकै विषय हो । यसपटक प्रयोग वा चुनावलाई पनि संघर्षकै मोर्चाको रूपमा विकास गर्ने नेतृत्वको मुख्य दृष्टि थियो । यो सुस्पष्ट दृष्टिकोणका कारण चौतर्फी षडयन्त्रहरू भयो । षडयन्त्रको शुरूवात स्वयम् सचिवालयका सदस्यहरूबाट भयो । गोयबल्श शैलीमा पार्टी र नेतृत्वविरूद्ध अराजक तथा अराजनीतिक हमला गर्ने तुच्छ कामहरू भए ।



आज नेकपाले स्थानीय चुनावको आंशिक मात्र प्रयोग गरेको छ । नेकपाको निर्णय बहिष्कार हो कि प्रयोग भन्न मै भ्रम र अस्पष्टता सिर्जना गर्ने काम भएको छ । प्रयोग गर्दैमा पार्टी संसदवादमा फसेको ठान्ने दृष्टिकोण पूर्वाग्रही छ कि यथार्थवादी भन्ने प्रश्नको विश्लेषण जरूरी छ । मोहन वैद्य नेतृत्वको पार्टीले पनि अघिल्लो चुनावमा उपयोग गरी अहिले बहिष्कारको नीति अघि सार्‍यो । कुनै कालखण्डमा गरिने चुनावको प्रयोग संसदवादमा पतन हुने आधार हो भने क्रान्तिकारी माओवादीलाई के भन्ने ? यसअघि भाग लिएको संविधासभाको चुनावलाई के भन्ने ? त्यसकारण नेतृत्वको नियत र प्रवृत्तिलाई विश्लेषण गर्नु बुद्धिमानी हुन्छ ।

